आज मिति २०८३ साल श्रावण महिनाको १५ गते चुमनुब्री गाउँ कार्यपालिकाका अध्यक्ष श्री निमा लामा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

**उपस्थिति:**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | निमा लामा | |
| २ | उपाध्यक्ष | लक्ष्मी गुरुङ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | कर्मा छेवाङ लामा | |
| ४ | का.वा. वडा अध्यक्ष वडा नं. २ | पेम्बा छिरिङ लामा | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | रामकुमार गुरुङ | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | पेमा ग्यलपो लामा | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | कालेन छेवाङ | |
| ८ | का.वा. वडा अध्यक्ष वडा नं. ६ | ठिन्ले घ्याम्छो लामा | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | टसी दोर्जे लामा | |
| १० | कार्यपालिका सदस्य | सुनाम साङमो | |
| ११ | कार्यपालिका सदस्य | छिरिङ भुटी लामा | |
| १२ | कार्यपालिका सदस्य | ढोलमा लामा | |
| १३ | मनोनित कार्यपालिका सदस्य (अल्पसंख्यक) | रुवेश घले | |
| १४ | मनोनित कार्यपालिका सदस्य(दलित) | गणेश विश्वकर्मा | |
| १५ | सदस्य सचिव | मनोज लामिछाने | |

**अन्य उपस्थिति :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | सहायक लेखा अधिकृत | रविन मिश्र | |
| २ | सहायक प्रशासकीय अधिकृत | पवन सुवेदी | |
| ३ | कार्यालय सहयोगी | ललिता गुरुङ | |
| ४ | कार्यालय सहयोगी | संगिता लिम्बु | |

कार्यपालिका बैठक मिति : २०८३।०४।१५ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८३।०४।०८ गते।

**मिति २०८३।०४।१५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू**

१. निर्णय समिक्षा सम्बन्धमा।
२. जिन्सी निरिक्षण सम्बन्धमा।
३. गाउँ शिक्षा समितिका निर्णय सम्बन्धमा।
४. खरिद ईकाई प्रमुख तोक्ने सम्बन्धमा।
५. वार्षिक खरिद योजना सम्बन्धमा।
६. स्थानीय दररेट समिति समितिको प्रतिवेदन सम्बन्धमा।
७. करार सेवा कर्मचारी सेवा सुविधा सम्बन्धमा।
८. बजेट व्यवस्थापन सम्बन्धमा।
९. न्याकचेत सार्वजनिक शौचालय सरसफाई सम्बन्धमा।
१०. हेली प्याड जग्गा भाडा सम्बन्धमा।
११. बोलपत्र खोल्ने समिति गठन सम्बन्धमा।
१२. विधायन समिति गठन गर्ने सम्बन्धमा।
१३. विवध खर्च खातामा रहेको रकम ट्रान्सफर सम्बन्धमा।
१४. खोप तथा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८२।८३ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।

२. चुमनुब्री गाउँपालिका वा अन्तर्गतका निकायहरूको आ व २०८२।८३ सम्म खरिद भई दाखिला भएका जिन्सी मालसामानको निरिक्षण गरी प्रतिवेदन पेश गर्न तपसिलको जिन्सी निरिक्षण समिति गठन गर्ने।

तपसिल

| | | | |
|---|---|---|---|
| क. | संयोजक | श्री राम कुमार गुरूङ | वडा अध्यक्ष वडा नं ३ |
| ख. | सदस्य | श्री पवन सुवेदी | सहायक प्रशासकीय अधिकृत |
| ग. | सदस्य | श्री सन्दीप रेग्मी | सहायक कम्प्युटर अधिकृत |

३. चुमनुब्री गाउँपालिका गाउँ शिक्षा समितिका मिति २०८३।०४।०७ गतेका तपसिलका निर्णयहरू अनुमोदन गर्ने।

**तपसिल**

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

लिला लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

१. प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व. २०८३।८४ तर्फ चुमनुब्री गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदान शिक्षक तथा विद्यालय कर्मचारीहरुको नयाँ तलबमान तपसिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

| क्र.स. | पद | संघीय तलबमान | गाउँपालिकाबाट थप गर्ने रकम | नयाँ तलबमान | बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १. | विद्यालय सहयोगी | १५००० | ७०००।- | २२,०००।- | प्रारम्भिक बाल विकास सहजकर्ता,विद्यालय सहयोगि र विद्यालय कर्मचारीको पारिश्रमिक तथा पोशाक खर्च |
| २. | बाल विकास सहजकर्ता | १७००० | ७५५०।- | २४,५५०।- | |
| ३. | विद्यालय सहायक (लेखापाल) | २०००० | ५०००।- | २५०००।- | |
| ४. | गाउँपालिका अनुदानमा कार्यरत बाल विकास सहजकर्ता | - | २४५५०।- | २४,५५०।- | |
| ५. | गाउँपालिका अनुदान शिक्षक (प्राथमिक तृतीय) | - | ३६,१९२।- | ३६,१९२। | गा.पा. अनुदान शिक्षक तलब भत्ता |
| ६. | गाउँपालिका अनुदान शिक्षक (निम्न माध्यमिक तह) | - | ३८,२०३।- | ३८,२०३।- | |

२. शिक्षा नियमावलीको दशौं संशोधन मार्फत सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुको मासिक भत्ता रकममा हेरफेर भई प्र.अ. भत्ताको नयाँ स्केल कायम भएअनुसार चुमनुब्री गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा कार्यरत रहुनभएका सामुदायिक विद्यालयका प्रधानध्यापकहरुलाई गाउँपालिका आन्तरिक स्रोतबाट थप हुदैं आएको प्र.अ. भत्ताको रकममा हेरफेर गरि तपसिल बमोजिमको भत्ता रकम कायम गर्ने निर्णय गरियो ।

**तपसिल:**

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

छिमा लामा
अध्यक्ष

| क्र.स. | संचालित विद्यालयको तह | कायम गरिएको नयाँ भत्ता रकम | कैफियत | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | आधारभूत (१-५) | १२०० | संघ सरकारले कायम गरेको स्केलमा रु २०० थप गर्ने। | प्र.अ भत्ता थप |
| २. | आधारभूत (१-८) | शिक्षा नियमावलीमा कायम भए बमोजिम | | |
| ३. | माध्यमिक (१-५) | शिक्षा नियमावलीमा कायम भए बमोजिम | | |

३. संघीय सरकारबाट मासिक महंगी भत्ता प्राप्त नगर्ने शिक्षकहरु (संघीय शिक्षण सहयोग अनुदान र गा.पा. अनुदान शिक्षक)का लागि गाउँपालिका आन्तरिक स्रोत (खर्च शिर्षकः शिक्षण सिकाई अनुदान/गा.पा. अनुदान शिक्षकको लागि स्थानीय भत्ता/महंगी भत्ता) बाट नेपाल सरकारको प्रचलित नियमानुसारको महंगी भत्ता प्रदान गर्ने तथा स्थानीय भत्ता प्राप्त नगर्ने शिक्षकहरुको हकमा ( संघीय शिक्षण सहयोग अनुदान,राहत अनुदान र गा.पा. अनुदान शिक्षक) नेपाल सरकारको प्रचलित नियमानुसारको स्केलको ५० प्रतिशतले हुने आउने रकम प्रदान गर्ने निर्णय गरियो।

४. चुमनुब्री गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धीका लागि गाउँपालिकाको १० वर्षिय गाउँ शिक्षा क्षेत्र योजना (२०८३-२०९३) निर्माण भई गाउँ शिक्षा समितिको मिति २०८३।०३।२२ गतेको निर्णयानुसार यस कार्यपालिकामा अन्तिम स्वीकृतिको लागि पेश भएबमोजिम चमुनुब्री गाउँपालिकाको १० वर्षिय गाउँ शिक्षा योजना (२०८३-२०९३) स्वीकृत गरि यस गाउपालिकाको वेवसाईटामा अप्लोड गर्ने निर्णय गरियो।

५. चुमनुब्री गाउँपालिका अन्तर्गत रहेका विद्यालय तथा बाल विकास केन्द्रहरुमा करार शिक्षक तथा विद्यालय कर्मचारी,प्रचलित कानुन बमोजिम विद्यालयले विज्ञापन गरि नियुक्ति गर्दा वखतको खर्च व्यवस्थापनमा विद्यालयमा कुनै आर्थिक स्रोत नहुने गरेको बेहोरालाई मध्येनजर गर्दै सो कार्यमा लाग्ने खर्च यस गाउँपालिकाको आन्तरिक स्रोत (खर्च शिर्षक २२७११, परीक्षा सञ्चालन खर्चबाट) व्यवस्थापन गर्ने निर्णय गरियो।

४. चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको खरिद ईकाई प्रमुखको जिम्मेवारी ईन्जिनियर सातौ श्री सुनिल पनेरूलाई तोक्ने।

५. चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ का योजना तथा कार्यक्रम कार्यान्वयनका लागि वार्षिक खरिद योजना २०८३।८४ स्विकृत गर्ने।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

६. चुमनुब्री गाउँपालिकाका विभिन्न कार्यक्रम तथा योजना सञ्चालनका लागि प्रयोग हुने दररेट चुमनुब्री गाउँपालिका स्थानीय दररेट समितिको प्रतिवेदन २०८३।८४ स्विकृत गरी कार्यान्वयन गर्ने ।

७. चुमनुब्री गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूका लागि गण्डकी प्रदेशको आ व २०८३।८४ को बजेट बक्तव्य, चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ को बजेट वक्तव्य तथा स्विकृत वार्षिक कार्यक्रम अनुसार करार सेवामा कार्यरत सबै कर्मचारीलाई संघीय अर्थ मन्त्रालयबाट स्विकृत मासिक तलब स्केल बापतको रकम, मासिक महँगी भत्ता बापत रू ५०००.०० (पाँच हजार मात्र) तथा नियमानुसार सामाजिक सुरक्षा कोषमा आवद्ध गराई कोष कट्टी तथा थप रकम सहित उपलब्ध गराउने साथै संघीय/प्रदेश कार्यक्रमबाट तलब भत्ता प्राप्त गर्ने कर्मचारीहरूलाई यसै निर्णय अनुसार सेवा सुविधा उपलब्ध गराउँदा अपुग हुने रकम गाउँपालिका करार सेवा शुल्क (सामाजिक सुरक्षा कोष समेत) शिर्षकबाट नियमानुसार भुक्तानी दिने ।

८. चुमनुब्री गाउँपालिकामा सञ्चालित कार्यक्रममा गाउँपालिकाबाट लागत साझेदारीका लागि बजेट सुनिश्चित गर्दै कार्यक्रम सञ्चालन गर्नका लागि तपसिल बमोजिम बजेट व्यवस्थापन गर्नका लागि आगमी गाउँसभामा पेश गर्ने ।

| सि नं | कार्यक्रमको नाम | विनियोजन गर्नु पर्ने रकम रू हजारमा | स्रोत | कै |
|---|---|---|---|---|
| १ | नागरिक आरोग्य सेवा सञ्चालन खर्च | २०० | आन्तरिक स्रोत, (सञ्चित कोष) | |
| २ | मनोसामाजिक परामर्श सम्बन्धी सेवा | १०० | आन्तरिक स्रोत, (सञ्चित कोष) | |
| ३ | चुम कल्याण समिति भवन मर्मत | ७०० | आन्तरिक स्रोत, (सञ्चित कोष) | |
| ४ | मनास्लु वृत्तचित्र निर्माण | १५० | आन्तरिक स्रोत, (सञ्चित कोष) | |
| ५ | चुम श्याग्या परम्परा गिनिज बुक अफ वर्ल्ड रेकर्ड शुल्क | प्रचलित नियमानुसार | आन्तरिक स्रोत, (सञ्चित कोष) | |

९. चुमनुब्री गाउँपालिका वडा नं ३ स्थित रहेको न्याकचेत सार्वजनिक शौचालय सरसफाईका लागि मासिक रूपमा रू २५००.०० (पच्चिस सय मात्र) करार सेवा शुल्क शिर्षकबाट पारिश्रमिक पाउने गरी ज्यालादारीमा सरसफाईकर्मी राखी नियमित रूपमा सरसफाई गर्ने व्यवस्था मिलाउने ।

१०. चुमनुब्री गाउँपालिका वडा नं ३ फिलिममा सार्वजनिक तथा सरकारी उपभोगको जग्गा नभएको, आपतकालिन अवस्थामा बिरामी, गर्भवती तथा अन्य उद्दार एवं विपद व्यवस्थापनका लागि हेली प्याड अनिवार्य आवश्यकता भएको हुँदा उक्त स्थानमा निर्मित फिलिम हेली प्याडको जग्गा भाडा गाउँपालिकाबाट नियमानुसार वार्षिक स्विकृत कार्यक्रम घर तथा जग्गा भाडा शिर्षकबाट जग्गाधनीलाई भुक्तानी दिने ।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

११. चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सबै माध्यमबाट आह्वान भई कार्यालयमा दर्ता हुने सबै प्रकारका बोलपत्र सुरूमा खोली मुचुल्का गर्ने प्रयोजनार्थ तपसिल बमोजिम बोलपत्र खोल्ने समिति गठन गर्ने ।

तपसिल

| | | |
|---|---|---|
| क. | संयोजक | ईन्जिनियर श्री सुनिल पनेरू |
| ख. | सदस्य | प्रशासकीय अधिकृत श्री अशोक उपरकोटी |
| ग. | सदस्य | सब ईन्जिनियर श्री पवन कुमार साह |

१२. चुमनुब्री गाउँपालिकामा तर्जुमा भई स्विकृतीका लागि कार्यपालिकामा पेश हुने नियमावली, कार्यविधि तथा अन्य कानुनका मस्यौदा तयार गर्नका लागि तपसिल बमोजिमको विधायन समिति गठन गर्ने ।

| | | | |
|---|---|---|---|
| क. | संयोजक | श्री राम कुमार गुरूङ | वडा अध्यक्ष वडा नं ३ |
| ख. | सदस्य | श्री रूवेश घले | कार्यपालिका सदस्य |
| ग. | सदस्य | श्री सुनाम साङ्मो | कार्यपालिका सदस्य |
| घ. | सदस्य | प्रमुख प्रशासकीय अधिकृत | चुमनुब्री गाउँपालिका |
| ङ. | सदस्य सचिव | योजना अनुगमन तथा तथ्याङ्क शाखा | चुमनुब्री गाउँपालिका |

समितिले कानुन मस्यौदा तर्जुमा गर्दा सम्बन्धीत क्षेत्रका विषय विज्ञ तथा अन्य जनप्रतिनिधि र कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

१३. चुमनुब्री गाउँपालिका विविध खर्च खाता ग-२.३ मा रहेको रकम रू. ४,६३,२२९.४८ रूपैया गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट आन्तरिक राजस्व सुधार कार्ययोजना निर्माणका लागि सम्झौता बमोजिम प्राप्त भएकोमा भुक्तानी दिने क्रममा गाउँपालिका परामर्श खर्च शिर्षकबाट भुक्तानी भई उक्त रकम खर्च नभएको हुँदा सोधभर्ना स्वरूप विविध खर्च खाता ग-२.३ बाट रकम रू. ४,६३,२२९.४८ रूपैया चुमनुब्री गाउँपालिका सञ्चित कोष खाता ग-४.१ मा ट्रान्सफर गर्ने ।

१४. चुमनुब्री गाउँपालिकामा स्वास्थ्य चौकी बाहिर गई खोप तथा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्यकर्मीलाई दैनिक रूपमा प्रतिदिन रू ७०० कार्यक्रम सञ्चालन भत्ता उपलब्ध गराउने ।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष